**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
DOI:
Published by Faculty of Humanities and Social Sciences
Far Western University, Mahendranagar, Nepal

# माइतघर उपन्यासमा सामाजिक यथार्थ

डा. महानन्द जोशी
उप प्राध्यापक, पाटन संयुक्त क्याम्पस
Email: mahanandjoshi2022gmail.com

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेख लैनसिंह बाङ्देलको माइतघर (२००७) उपन्यासमा सामाजिक यथार्थको अध्ययनमा आधरित छ । सामाजिक यथार्थ भनेको संसारमा जुन वस्तु जस्तो छ, त्यस्तै रूपमा त्यसको चित्रण वर्णन गर्नुपर्छ भन्ने सिद्धान्त विशेष हो र त्यसको प्रस्तुति उनका उपन्यासमा केकसरी भएको छ भन्ने विषयलाई देखाउन उपन्यासको यथार्थवादी विश्लेषण पद्धति पहिचान गरिएको छ । यस लेखमा बाङ्देलको माइतघर उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा तथा सामाजिक यथार्थसम्बन्धी सिद्धान्त एवम् विश्लेष्य उपन्याससँग सम्बन्धित अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा उपन्यासका आधारभूत संरचक वा उपकरणका रूपमा रहेका कथावस्तु, चरित्र, परिवेश र भाषाशैली जसमा सामाजिक यथार्थको टड्कारो अभिव्यक्ति भएको हुन्छ तिनै औपन्यासिक संरचकहरूको वस्तुपरक विश्लेषण गरेर उपन्यासभित्रका सामाजिक यथार्थवादी आधारभूत प्रवृत्तिको निर्क्योल गरिएको छ । यसमा नेपाली सामाजिक जीवनको यथार्थका साथै अव्यक्तताभित्र गुम्सिएको मनोवैज्ञानिक रूपलाई समेत उद्घाटन गरिएको छ । सानैदेखि छिमेकीका रूपमा हुर्केका हरि र सानीको दुःखान्त प्रेमकथा यस उपन्यासको सार हो । मुख्यतः दार्जिलिङको राजवाडी गाउँ र अंशतः इलामको परिवेशमा केन्द्रित यसमा त्यस ठाउँको प्राकृतिक र भौगोलिक परिचयका साथै सामाजिक, सांस्कृतिक परिवेशको चित्रण जीवन्त ढङ्गमा गरिएको छ । मध्यम र निम्नवर्गीय सामाजिकता चित्रित यस उपन्यासको वातावरण त्रासद र कारुणिक छ । औपन्यासिक पात्रले भ्mेल्नु परेका अनेक घटनाको यथार्थमूलक प्रस्तुतिका साथै मध्यम र निम्नवर्गीय पात्रका जीवनका यथार्थलाई पात्रको स्तरअनुरूप सरल, सहज र स्वाभाविक भाषाशैलीय विन्यासका माध्यमबाट अभिव्यक्ति गरिएको छ । त्यसैले यो एउटा सामाजिक यथार्थवादी उल्लेख्य उपन्यास भएको निष्कर्ष निकालिएको छ ।

*मुख्य शब्दावली :* वस्तुपरकता, आत्मपरकता, रहस्यात्मकता, अतिवैयक्तिकता, अवस्तुवादी, समकालीनता ।

## विषय परिचय

लैनसिंह बाङ्देल १९८१-२०५९ नेपाली उपन्यास परम्परामा आधुनिक कालका महत्वपूर्ण उपन्यास स्रष्टा हुन् । उनले विभिन्न विषयवस्तुसँग सम्बन्धित उपन्यासहरू लेखेका छन् । त्यसमध्ये पनि उनका सामाजिक विषयमा लेखिएका

उपन्यासहरू बढी सशक्त देखिन्छन् । उनका मुलुकबाहिर (२००४), माइतघर (२००७), लङ्गडाको साथी (२००८) सामाजिक विषयमा आधारित उपन्यास हुन् भने रेम्ब्रान्ट (२०२३) जीवनीपरक उपन्यास हो । यी उपन्यासहरूमध्ये माइतघर उपन्यास पनि सामाजिक यथार्थको अभिव्यक्तिका दृष्टिले सशक्त देखापर्दछ । यसमा सबेदार, सुबेदार्नी रत्ना, हरि र सानी आदि थोरै मात्र सहभागीहरू रहेका छन् । उपन्यासमा यिनै पात्रहरूको केकस्तो सामाजिक जीवन प्रकट भएको छ र त्यसमा पनि उपन्यासका पात्र हरि र सानीका जीवनमा उत्पन्न जटिलता एवम् सोही जटिलताबाट विकसित दुःखान्तको चित्रण केकसरी भएको छ भन्ने समस्यामा आधारित रही यसमा अध्ययन गरिएको छ । यस अध्ययनमा माइतघर उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थ र त्यससँग सम्बन्धित विषयको विश्लेषणका लागि सामाजिक यथार्थवादी मान्यताका सैद्धान्तिक अभिलक्षणलाई मात्र मूल आधार बनाइएको छ र त्यसका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरी विश्लेषणात्मक अध्ययनविधि उपयोग गरिएको छ ।

## अध्ययनविधि तथा विश्लेषण ढाँचा

प्रस्तुत लेखका निम्ति आवश्यक सामग्रीको मुख्य स्रोत लैनसिंह बाङ्देलले लेखेको माइतघर उपन्यास नै भएको हुँदा यसमा लेखको उद्देश्यअनुरूप सामग्री सङ्कलनका सोद्देश्य छनोट विधिका आधारमा विवेच्य उपन्यासको सूक्ष्म पठन गरी आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । यसका साथै लैनसिंह बाङ्देलका उपन्यासका बारेमा लेखिएका पुस्तक, लेखटिप्पणी, कृतिसमीक्षा र सामाजिक यथार्थवादसँग सम्बन्धित अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ र सङ्कलित सामग्रीको विश्लेषणका लागि सामाजिक यथार्थवादी दृष्टिकोणलाई आधार बनाइएको छ । प्रस्तुत उपन्यासमा सामाजिक यथार्थ केकसरी रूपायन भएको छ भन्ने कुरालाई देखाउन उपन्यासको यथार्थवादी विश्लेषण पद्धति पहिचान गरिएको छ र उपन्यासका आधारभूत संरचक वा उपकरणका रूपमा रहेका कथावस्तु, चरित्र, परिवेश र भाषाशैली जसमा सामाजिक यथार्थको टड्कारो अभिव्यक्ति भएको हुन्छ तिनै औपन्यासिक संरचकहरूको वस्तुपरक विश्लेषण गरेर उपन्यासभित्रका सामाजिक यथार्थवादी आधारभूत प्रवृत्तिको निर्क्यौल गरिएको छ ।

## सामाजिक यथार्थवादका सैद्धान्तिक मान्यता

दर्शन र साहित्यमा प्रचलित यथार्थवाद शब्द अन्ततः साहित्यमा सामाजिक यथार्थवादका रूपमा अभिव्यक्त भएको छ । साहित्यमा यथार्थवादले सामाजिक यथार्थवादलाई अँगालेको हुन्छ (लुइटेल, २०६९, पृ.३३९) । सामाजिक यथार्थवाद सैद्धान्तिक प्रतिमानका साथ समाजमा निहित रहेका वस्तुसत्यलाई इन्द्रियप्रत्यक्ष ज्ञानका आधारमा कलात्मक सौन्दर्य व्यक्त गर्ने विचार हो । समयअनुसार युग जीवनमा परिवर्तित हुने सांस्कृतिक, भौगोलिक, आर्थिक, भाषिक एवम् सामाजिक सम्बन्धलाई निष्ठापूर्वक ग्रहण गरी तटस्थ द्रष्टाको भूमिका निर्वाह गर्ने सिद्धान्तलाई नै सामाजिक यथार्थवादका नामले चिनिन्छ । भौतिक जगत्का खोज-अनुसन्धानलाई प्रयोगात्मक र परीक्षणमूलक तथ्यमा विश्वास गर्ने तथा रचनात्मक सान्दर्भिकतामा विशेष ध्यान दिने काम यसमा रहने गर्दछ । दृश्यमान वस्तुजगत्बाट समाज-जीवनका यथार्थ रूप ग्रहण गरी कुशल शिल्पीले झैँ आफ्ना कलामा पारख गरेर जीवन्त रूप प्रदान गरी समाजसमक्ष प्रस्तुत गर्ने सैद्धान्तिक स्वरूप यस वादमा रहन्छ । सामाजिक यथार्थवादी लेखकले सामाजिक जीवन र समाजका बिचमा अन्तः मूल्यका बिचको सम्बन्धलाई स्थापित गराउन अनेक प्रयास गर्दछ ।

मूलतः सामाजिक यथार्थवाद पश्चिमी साहित्यका विशाल फाँटमा उन्नाइसौँ शताब्दीमा उदाएको दार्शनिक र साहित्यिक

चेतनापूर्ण चिन्तनको उपज हो । साहित्यका क्षेत्रमा बालजाकबाट सामाजिक चेतनाको आभाष भएको हुँदा यसको उदय फ्रान्सबाट भएको स्वीकार गरिएको छ । बालजाकको सामाजिक यथार्थको प्रयोग समाज-विकासका लागि इतिहास निर्माण गर्ने वैज्ञानिक मत (श्रेष्ठ, २०३९, पृ.५६) मानिएको छ । यो प्रयोगले चेम्पफ्लोरी र फ्लुबर्टसम्म आइपुग्दा कला साहित्यले पूर्णता प्राप्त गरेको पाइन्छ । त्यसैले फ्रान्सेली साहित्यमा यसको अध्ययन र प्रयोग चेतनायुक्त मान्य चिन्तनका साथ अति महत्वपूर्ण स्वीकार गरी कला-साहित्यमा निर्देशित रहन गएको छ ।

सामाजिक यथार्थवादमा कुनै आग्रह वा पूर्वाग्रहविना समाजका वस्तुलाई र त्यसमा निहित रहने अस्तित्वलाई साहित्यकारको लेखनीले स्पर्श गर्नु र कल्पनापूर्ण चेतनाद्वारा त्यसमा रङ्ग संयोजन गर्नु अनिवार्य हुन्छ (सिंह, सन् १९६५, पृ.२३२) । यसले सामाजिक यथार्थवादमा सम्बन्ध र व्यवहारपरक चिन्तनलाई समान अवस्थामा उठाएको हुन्छ भन्ने देखाएको छ । सामाजिक यथार्थवादी लेखकका रचनाहरूमा भौतिक दृष्टि हुन्छ र तिनीहरू नियतिवादी हुन्छन् (सुवेदी, पृ.२००) । यसबाट समाजप्रतिको धारणामा सूक्ष्मतर दृष्टि जागृत हुन जान्छ । लौकिक संसारलाई वास्तविक सत्य ठानेर वर्गीय चरित्रलाई प्राथमिकता दिने काम यसमा रहन्छ । सामाजिक यथार्थवादले गतिशील वास्तविकतालाई स्वीकार गर्ने अर्थ समाज र जीवनको ठोस सत्तालाई स्वीकार गर्नु पनि हो । यसलाई साक्षात्कार गर्दै साहित्यमा कथा र उपन्यासको जन्मको सम्बन्ध समाजसापेक्ष भएर जोडिएको छ । यी दुई विधाहरूको अन्तः सम्बन्ध सामाजिक यथार्थवादसँग पुरै जोडिएको हुन्छ । सामाजिक यथार्थवादमा एकातिर समाजमा जरो गाडेर बसेका चिन्तनमूल्य के छन् भनेर तिनका अन्तरङ्गलाई खोजी गरिएको हुन्छ भने अर्कातिर सामाजिक मूल्यमान्यतालाई उठाउन सदियौँदेखिका आदर्शका स्वरूपलाई अस्वीकार पनि गरिएको हुन्छ। सामाजिक यथार्थवादले जीवन प्राप्त गर्ने र आफू अडिने आधार प्रादेशिक वातावरण, समकालीन परिस्थिति र समाजलाई बनाएको हुन्छ । लेखकले समाजका विषयलाई प्रत्यक्षीकरण गरी आफू संलग्न हुँदाहुँदै पनि सामाजिक यथार्थवादी चित्रणमा ऊ असंलग्न रहने प्रक्रिया हुन्छ । सबै अनुभव व्यक्तिले गरे पनि अभिव्यक्तिमा लेखकीय उपस्थिति आलोचनापूर्ण मानिन्छ । त्यसैले वस्तुसत्यका विषयलाई छोइदिएर पनि छुनेलाई नपाउनु, समाजको वास्तविकता देखाइदिएर पनि देखाउनेलाई नदेखाउने सामाजिक यथार्थवादको अविस्मृत उपस्थिति मानिन्छ (प्रधान, २०७७, पृ.९१) सामाजिक यथार्थवादले सामान्य मानसिकताका आधारमा जीवनका स्तरलाई पर्यवेक्षण गर्ने र वर्गीय दृष्टिले निम्नवर्ग तथा निम्नमध्यमवर्गको जीवन जिउन बाध्य हुने चरित्रको यथार्थलाई आफ्नो स्वरूप बनाई कला-साहित्यको कलेवर निर्माण गर्दछ ।

समाजलाई चलायमान् गराउन सक्ने सामर्थ्य भाषामा रहन्छ । हिजोका तथ्यपरक चिन्तनलाई आजको समाजले पूर्णताका साथमा कदापि उठाउन सक्दैन । सामाजिक यथार्थवादले समकालिक अवस्थामा भाषाको प्रयोग केकस्तो अवस्थामा छ भन्ने कुरालाई अपनाउँछ । यसमा समाज र जीवनका तथ्यलाई पहिल्याउनका लागि भाषाका सरल रूपको आग्रह गरिएको हुन्छ । समाजका अपठित पात्रले व्यवहार गर्ने र तिनीहरूसँग नजिकको सम्बन्ध राख्ने शब्दलाई छनोट गर्नु सामाजिक यथार्थवादको विषयभित्र पर्दछ । भाषाका क्षेत्रीय भेदको सामान्य प्रभाव सामाजिक यथार्थवादमा ग्राह्य मानिन्छ । यसले भूगोल र निश्चित वर्गमा आफ्नो पकड बनाएका शब्दलाई अपनाउन हिचकिचाउँदैन (भारद्वाज पृ.२२०) । यसमा उखान र टुक्काको अर्थपरक संयोजनका साथै व्यक्ति बोलीलाई प्रयोगमा ल्याउने काम हुन्छ र भाषाले अपेक्षा गर्ने समाज र समाजले अपेक्षा गर्ने भाषा दुवैलाई सन्तुलित प्रयोग गर्ने आग्रह हुन्छ र जीवनजगत्का यथार्थ प्रतिच्छाया भाषाभित्र समाहित हुन्छन् ।

सामाजिक यथार्थवादमा स्वच्छन्दतावादी अतिआत्मपरकता, अतिभावुकता वा अतिकाल्पनिकता, रहस्यात्मकता, आद्भुतिकता जस्ता अवस्तुवादी प्रवृत्तिहरूको टड्कारो विरोध गर्दै वस्तुपरकता, सामाजिकता, नियन्त्रित वा न्यून काल्पनिकता, वास्तविकता,

सामान्यता जस्ता प्रवृत्तिहरूको अनुसरण गरिन्छ । यसमा स्वच्छन्दतावादी अमूर्तताको सट्टा मूर्तता, आवेग-संवेगको सट्टा बुद्धि-विवेक, अवचेतनको सट्टा चेतन, सुन्दरको सट्टा सत्य वा यथार्थ, अतिवैयक्तिकताको सट्टा निर्वैयक्तिकता, अन्तर्मुखीको सट्टा बहिर्मुखी, अतीतको गौरवको सट्टा वर्तमानको विद्रूपता जस्ता विपरीत तर वस्तुगत मान्यता पाइन्छन् । समाज र जीवनको यथार्थता एवम् वस्तुस्थितिको वास्तविकतालाई पूर्णतया इमानदारीका साथ चित्रण गरिनुका साथै विषयवस्तुहरू यथार्थ र वास्तविक रूपमा जेजस्ता छन् ठिक त्यस्तै रूपमा तिनको अङ्कन गरिएको हुन्छ (जोशी, २०५५, पृ.६७१) । त्यसैले सामान्य जीवनका प्रतिरूपलाई स्थापना गर्ने अनि उसको समाज जीवनको इमानदारीपूर्वक वस्तुपरक चित्रण गर्नु सामाजिक यथार्थवादी लेखनको सबल मान्यता हो ।

सामाजिक यथार्थवाद वस्तुवादी चेतनामा आधारित हुने भएकाले यसमा अतिशय भावुकतामा रमाउने वर्गका चिन्तनलाई अभिजात्य वर्गका गुणगान एवम् तिनका रूप-सौन्दर्यले समाजमा पार्ने प्रभावका विषयलाई कदापि स्वीकार गरिँदैन । समाजमा आर्थिक दृष्टिले पछाडि परेका निम्नवर्गका चरित्रलाई र तिनबाट प्रक्षेपण हुन आउने सत्यलाई कला सिर्जनामा प्रतिविम्बित गर्ने काम यसमा गरिएको हुन्छ । स्वकीय सत्ता स्थापनाका लागि सामाजिक यथार्थवादले सङ्कटग्रस्त जीवनले बेहोर्ने सम्बन्धपरक आधारलाई वर्गीय मान्यता बनाउँदछ । तसर्थ सामान्य मानसिकताका भरमा जीवनयापन गर्ने र निम्नवर्गको जीवनशैलीमा जीवन बिताउन बाध्य भएकाहरूको यथार्थ अङ्कन गर्नु नै सामाजिक यथार्थवादको वर्गीय मान्यता हो (मिश्र, सन् २०००, पृ.११०) । त्यसैले सामाजिक यथार्थवादले समाजका पिछडिएका वर्गको दुःखद जीवनलाई विशेष महत्वका साथ चित्रण गर्ने हुँदा निम्न तथा निम्नमध्यम वर्गीय परिवारमा यो बढी केन्द्रित हुन्छ । यसप्रकार सामाजिक यथार्थवाद समकालीन समाजमा स्थापित भएका मूल्य र मान्यतालाई आत्मसात् गर्दै अगाडि बढ्ने वस्तुपरक चिन्तन हो । समाजमा विद्यमान रहेका प्रारूपलाई पर्यवेक्षण गर्न स्वीकार्य प्रतिमानहरूको प्रयोग यसमा हुन्छ । कलाको आधार समाज, समाजको आधार भाषा, भाषा र समाजलाई निरन्तर गतिशील बनाउने चरित्रका समकालिक सन्दर्भलाई कुनै आग्रह पूर्वाग्रहविना साहित्यमा स्थापित गर्ने चिन्तन सामाजिक यथार्थवादमा पाइन्छ। वैज्ञानिक खोज-अध्ययन र भौतिक जगत्का परिवर्तनका प्रारूपलाई समाज, भूगोल र युगअनुसार विश्लेषणका कारक परिवर्तन गरी सौन्दर्यपरक चिन्तन दिनसक्ने सामर्थ्य सामाजिक यथार्थवादमा रहन्छ । समाज विकासको आधार भाषा, संस्कृति, अर्थ र राजनीति मानिन्छन् । त्यसैले गोचर तथ्य अन्तरङ्ग तथ्यको तन्मयतालाई समकालीनताका साथमा प्रस्तुत गर्नु नै सामाजिक यथार्थवादको निर्णयात्मक निष्कर्ष मानिन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा अनुसन्धानात्मक लेख / साहित्य समसमीक्षाहरू समसमावेश गरिएको छ । प्राथमिक / द्वितीयक सामग्रीहरू पुस्तकालय कार्यबाट सङ्कलन गरिएका ह'न् . यस लेखमा बाङ्देलको माइतघर उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा तथा सामाजिक यथार्थसम्बन्धी सिद्धान्त एवम् विश्लेष्य उपन्याससँग सम्बन्धित अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा उपन्यासका आधारभूत संरचक वा उपकरणका रूपमा रहेका कथावस्तु, चरित्र, परिवेश र भाषाशैली जसमा सामाजिक यथार्थको टड्कारो अभिव्यक्ति भएको हुन्छ तिनै औपन्यासिक संरचकहरूको

वस्तुपरक विश्लेषण गरेर उपन्यासभित्रका सामाजिक यथार्थवादी आधारभूत प्रवृत्तिको निर्क्यौल गरिएको छ। यसमा नेपाली सामाजिक जीवनको यथार्थका साथै अव्यक्तताभित्र गुम्सिएको मनोवैज्ञानिक रूपलाई समेत उद्घाटन गरिएको छ।

## नतिजा / छलफल

### कथावस्तुमा निहित सामाजिक यथार्थ

लैनसिंह बाङ्देलको माइतघर उपन्यास निम्न तथा निम्नमध्यम वर्गीय परिवारको कथामा आधारित रहेको छ । यस उपन्यासमा देखिने सुबेदार, सुबेदार्नी र हरिको परिवार निम्नमध्यम वर्गको रहेको देखिन्छ । दार्जिलिङको राजवाडीमा उनीहरूको एउटा सानोतिनो घरबास छ । सानी, सानीको बाबु र आमा (रत्ना) को परिवार पनि निम्नवर्गकै देखिन्छ । उनीहरू पनि सुबेदारको घर नजिकै बसेका र केही समयपछि नेपालमा रहेको आफ्नो घर फर्किएका छन् । घर पुगेको केही समयमै सानीले बाबु गुमाउनु परेको हुँदा आर्थिक समस्याकै कारण सानी र उसकी आमा रत्ना पुनः दार्जिलिङ फर्किनु परेको छ । दार्जिलिङका यिनै हरि र सानीको पारिवारिक विषयमा उपन्यासको कथावस्तुमा एकपछि अर्को समस्या देखापर्दै आएका छन् । पहिलो समस्या रत्नाको परिवार दार्जिलिङबाट बसाइँ सरेर इलाम जानु हो र त्यसपछि इलाममा रत्नाको लोग्ने गम्भीर रूपमा बिरामी पर्नु, ऊ वर्षदिनसम्म थलिएर मर्नु, रत्ना र सानी फेरि आर्थिक समस्याका कारण कामको खोजीमा दार्जिलिङ फर्किनु पर्ने अवस्था सिर्जना हुनु, उनीहरूलाई पूर्वपरिचित सुबेदार्नीले आफ्नै घरमा आश्रय दिँदा तरुनातरुनी हरि र सानीबिच प्रेम अङ्कुरण र पल्लवित हुँदै जानु तर सानीको बिहे अन्यत्र गरिने तय गरिनु, हरिलाई हृदयको देवता ठानिसकेकी सानीले अरूसँग बिहे गर्न नचाहनु र सो कुरा उसले हरिसँग पनि स्पष्ट पार्नु तर हरिको भित्री मनले त्यो सकारे पनि बाहिर सानीसँग हामीलाई समाजले चेलीमाइती ठानेको हुँदा त्यसो गर्नु पाप हुने जनाउनु र उल्टै सानीलाई हुन लागेको बिहा सकार्न बाध्य पार्नु, फेरि हरि आफै भित्रभित्रै सकसमा पर्नु, अनिच्छित बिहे गरी सानी पतिको घर जानु तर पतिले पनि उसलाई माया नगर्नु, दसैँमा लोग्ने ससुराली नजानु, उसले सौता हाल्नु, सानी टिठ लाग्दी भएर माइत आउनु, उसको अवस्था देखेर सबै दुःखी हुनु, रत्ना मर्नु, आमा भेट्न आएकी सानी घरको अपहेलित अवस्था र हरिसँगको आकर्षणका कारण पुनः घर फर्किन नचाहनु, हरि र सुबेदार्नीले सामाजिक अबगालका डरले सानीलाई जसरी पनि उसका आफ्नै घर पठाउन खोज्नु, सानी आफ्ना घर जानुभन्दा मर्नु निको ठानी राति भिक्टोरियन फल्सको पुलमा पुग्नु तर केके ठानेर फेरि भोलिपल्ट एक्कासि बिदा मागी कहिल्यै नफर्किने गरी माइतघरबाट रुँदै बिदा हुनु र त्यसले उसको जीवन गम्भीर त्रासदीका भासमा भासिँदै गएको भयावह स्थिति देखिनु जस्ता समस्याहरू समकालीन समाजका यथार्थका रूपमा देखा परेका छन् ।

प्रस्तुत उपन्यासका विभिन्न समस्याहरूमध्ये विपन्नता र प्रणयसम्बन्धी जटिलता नै यहाँ मूल समस्या बनेर आएका छन् । यी दुई समस्या फरकफरक भए पनि यहाँ एक अर्कामा संश्लिष्ट भएर आएका छन् । हरि र सानी एकै वंशपरम्पराका दाजु बहिनी होइनन् । प्रेमका लागि यी दुईबिच कुनै हाडनाताको अवरोधक सम्बन्ध देखिँदैन तर समाजले माइतीचेलीका रूपमा हेरेको हुँदा उनीहरूबिच विकसित प्रेमले दाम्पत्यको रूप प्राप्त गर्न सकेको छैन । समाजले यी दुईलाई दाजुबहिनीका रूपमा देख्नु पनि अस्वाभाविक भन्न मिल्दैन । दुवै बाल्यकालमा सँगै खान्थे भने छोरी पाउने धोको मेट्न नसकेकी सुबेदार्नीले सानीलाई आफ्नै छोरी जस्तो ठान्थी । सानी पनि बाबुआमा इलाम फर्के पनि ऊ उनै सुबेदार्नीसँग बस्न चाहन्थी । इलामबाट फर्केर आएपछि त्यही घर बस्दा पनि सानीप्रति सुबेदार्नीले कुनै त्यस्तो अस्वभाविक भेदभावपूर्ण व्यवहार गरेको

देखिँदैन । सानीले हरिलाई बोलाउँदा पनि हरि दाज्यू नै भन्ने गर्थी । समाजमा उनीहरूले आफूहरूलाई दाजुबहिनीकै रूपमा चिनाएका थिए भने समाजले कसरी उनीहरूलाई प्रेमीप्रेमिकाका रूपमा चिन्ने र उनीहरूले आफूलाई पछि प्रेमीप्रेमिकाका रूपमा प्रस्तुत गरेका भए हरिले भनेझैँ समाजले त्यसलाई पापै ठान्ने थियो भन्ने निष्कर्ष निकाल्न सकिँदैन । हरिको त्यो सोचाइ उसको आत्म कमजोरी हो । पढेलेखेको भए पनि उसले पाउन सक्ने आफ्ना भित्री चाहना समाजसँग प्रकट गर्न सकेको छैन । यस दृष्टिले हेर्दा सानी नपढेकी, विपन्न र पराश्रित भए पनि हरिभन्दा आत्मबल भएकी देखिन्छे । उसले आफ्ना चाहनालाई हरिसँग स्पष्ट पारेकी छ । आफ्नो अन्तर चाहनाअनुरूप समाजमा प्रकट हुन चाहेकी छ तर हरिले उल्टै कृत्रिम सामाजिक मूल्यमान्यताको डर देखाएर तथा कर्तव्याकर्तव्यको पाठ घोकाएर उसको मनोदशा खस्काउने काम गरेको छ । हरिकै घरमा आश्रित विपन्न सानीले हरिको इच्छा विरुद्ध आफ्नो चाहना टड्कारो रूपमा अरूसँग भन्नसक्ने अवस्था पनि देखिँदैन । वर्गीय समाजव्यवस्था र त्यसले सिर्जना गरेका असमान आर्थिक, सामाजिक संरचनाले गर्दा एकै घर भेट भएका हरि र सानीबिच उत्पन्न प्रणयकथा परिणयमा पुग्न सकेको छैन ।

प्रस्तुत उपन्यासमा हरि र सानीको प्रणयकथा परिणयमा पुग्न नसक्नाको मूल कारण भने परम्परित धार्मिक तथा सामाजिक सङ्कीर्ण सोचाइमा निर्मित वर्गीय समाजव्यवस्था र त्यसैप्रति समर्पित दुर्बल नेपाली मानसिकतालाई औँल्याइएको छ । उपन्यासका सबै पात्रहरू परम्परित धर्म र भाग्यवादमा विश्वस्त देखिन्छन् । तिनीहरूमा सामाजिक तथा धार्मिक अन्धविश्वास प्रबल पाइन्छ । यस्तै समाजका अवस्तुवादी कृत्रिम बन्धनहरू पनि धेरै दरा देखिन्छन् । पढेलेखेका हरि जस्ता मानिस पनि पापपुण्यमा रङ्ग्याइएका त्यस्ता सामाजिक बन्धनहरू तोड्न चाहन्नन् । बरु आफ्नो अन्तरात्माको चाहनालाई निमोठ्छन् । समाजका यस्ता अन्धताहरूप्रतिको समर्पण देखेर उपन्यासकारको आक्रोश यसरी अभिव्यक्त भएको छ :

संसारको देखावटी धर्म, आडम्बरी नीति अनि समाजको अर्थहीन शृङ्खलाले जीवनलाई कत्रो निरवच्छिन्न गराउँदो रहेछ । त्यसैले जीवनको छन्द भङ्ग भयो, आशाको दियोमा तेल सुक्यो अनि आजन्म करुणा र व्यथाको चिरस्मरणीय छाप हृदयमा अङ्कित भयो । धर्मको पनि ता हद हुन्छ, समाजको शृङ्खलाको पनि ता सीमा हुन्छ, तर त्यो सीमा नाघेर त्यसले मानव जीवन सुख, वैभव र शान्ति छिन्नभिन्न पारिदियो भने, अनि जीवनको स्वतन्त्र आकाशमा विघ्न वाधा पुऱ्यायो भने त्यो धर्म के धर्म, नीति के नीति-अनि समाजको शृङ्खला पनि के शृङ्खला ? (पृ. ६९) ।

प्रस्तुत भनाइमा संसारको देखावटी धर्म, आडम्बरी नीतिले जीवनलाई अर्थहीन तुल्याउने बताइएको छ । सामाजिक मूल्यमान्यताले जीवनका सुख, वैभव र शान्ति छिनिदियो भने त्यसको अर्थ नहुने सन्दर्भ प्रस्तुत गर्दै यसमा उपन्यासकारको परम्परागत धार्मिक अन्धताप्रतिको असहमति अभिव्यक्त भएको छ ।

सामाजिक यथार्थवादी यस उपन्यासमा मुलुकबाहिरमा जस्तै निम्न तथा निम्नमध्यम वर्गीय परिवारको दुःखपूर्ण जीवनकथा आएको छ तर वर्गसङ्घर्षको बयान गर्ने रुचि भने छैन । बरु त्यसका विपरीत निम्न तथा निम्नमध्यम वर्गबिच सहिष्णुता र समन्वय कायम गरिएको छ । सुबेदार्नीले रत्ना र सानीलाई गरेको उदार सहयोगले त्यही देखाउँछ । यस उपन्यासमा वर्गसङ्घर्ष नभए पनि समाज र जीवनलाई छिन्नभिन्न पार्ने परम्परित मूल्यमान्यताप्रतिको अनास्था तथा प्रतिद्वन्द्विता भने देखापर्छ तर त्यसलाई सक्षम पात्रका कार्यव्यापारबाट संस्थापित गर्नातिर भने लागेको देखिँदैन । यस उपन्यासमा निम्न तथा निम्नमध्यम वर्गीय परिवारका आआफ्नै किसिमका पीडा व्यक्त भएका छन् । सुबेदार (हरिको बाबा) ले जागिरद्वारा गाँसबासको व्यवस्था गरे पनि पहिलो श्रीमती असमयमै मरेकी र उसतिरको छोरो नौ कक्षा पढ्दापढ्दै पल्टनतिर भागेर

बेखबर भएको छ। अर्की श्रीमतीबाट एउटा छोरो हरि जन्मे पनि श्रीमतीको छोरी जन्माउने धोको पूरा गर्न सकेको छैन। ऊ आफै असमयमै मरिदिँदा हरि र सुबेदार्नी दुःखी छन्। बाबु मरेकै हुँदा हरिले कलेज पढ्ने धोको पूरा गर्न सकेन। सामाजिक भयका कारण साथीसँग प्रेम गरे पनि नगरेको नाटक रचेर ऊ बाँच्नुपरेको छ। सुबेदार्नीको आर्थिक अवस्था बाहिरबाट हेर्दा राम्रै देखिए पनि आफ्नो भित्री दुःख आफैसँग छ भनी उसले रत्नासँग मर्म पोखेकी छ। रत्ना लोग्ने मरेकोमा भन्दा पनि ऊ वर्षदिनसम्म रोगाएर मरिदिँदा बाँच्ने आफूहरूले बेहोर्नुपरेको दुःख-पीडाबाट आक्रान्त देखिन्छे। पुरुषप्रधान नेपाली समाजमा उसले विपन्नता, आश्रयहीनता र सन्तानको दुर्दशाको गम्भीर पीडा बेहोर्नुपरेको छ। सुबेदार्नीका घरमा आश्रय पाए पनि त्यो अर्काको घर थियो, आफ्नो घर जस्तो हुने कुरै भएन। त्यहाँ आएपछि उसलाई बिसन्चो भइरहन्थ्यो अनि पीर पर्थ्यो तर जे भए पनि सहेरै बस्थी। अर्काका घर केही भन्ने हुन् कि भनेर आफ्ना दुःखेसो सुनाउँदैनथी। "आश्रयहीन भएर आएपछि जस्तो दुःख पनि, जस्तो कष्ट पनि सहनैपर्छ भन्ने कुरा रत्नाले राम्ररी बुझेकी थिई" (पृ.२७)। यस भनाइले पनि सानीको दुःख र व्यथाको पुष्टि भएको छ। आश्रयहीनता र विपन्नताबाहेक एक्ली सन्तान सानीको भत्किएको दाम्पत्य जीवन देखेर उसको हृदय भित्रभित्रै छियाछिया परेको थियो। यस्ता एकपछि अर्का मुटु नै हल्लाउने गम्भीर व्यथाले थिल्थिलिएर अन्ततः ऊ समाप्त भएकी छ।

सानीको व्यथा अझ अर्को छ। उसले जसलाई हृदय सुम्पिएकी थिई, उसैको करबलले अर्कासँग अनिच्छित बिहे गरी जानुपर्ने बाध्यात्मक पीडा एकातिर बेहोरेकी छ भने अर्कातिर त्यसरी गएकोमा घरकाले पनि उसलाई माया दिएका छैनन्। लोग्नेले सौता भित्र्याएर तिरस्कृत गरेको छ। बाबु मरेको पीडा पहिल्यै बेहोरेकी उसले आमा मरेको पीडा पनि बेहोर्नु परेको छ। विवाहित भएकी हुँदा हरि र हरिकी आमाले उसलाई आफूकहाँ राख्नु सामाजिक अबगाल भित्र्याउनु ठानेका छन्। उसकै घर लघार्ने उनीहरूको प्रयत्न देखिन्छ। सबैतिरबाट एक्लिएकी छ। प्रेमीबाट लखेटिएकी, लोग्नेबाट लत्याइएकी, विपन्न, अश्रयहीन, टुहुरी सानीको एकपछि अर्को गम्भीर सकसले भरिएको जटिलतम जीवन देखा परेको छ। यस्तो स्थितिले उपन्यासमा एकातिर सघन कारुणिकताको प्रवाह सञ्चार भएको छ भने अर्कातिर पुरुषप्रधान नेपाली समाजको नारी पीडक सङ्कीर्ण सामाजिक मूल्यमान्यताहरूलाई नङ्ग्याइएको छ। उपन्यासका पात्रहरूले एकपछि अर्को गर्दै बेहोरेका समस्याग्रस्त स्थिति तथा दःखद मृत्युले उपन्यासमा निराशावादी स्वरको प्रसार भएको छ।

प्रस्तुत उपन्यासमा समाजका धार्मिक तथा सांस्कृतिक अन्धताहरू, सामाजिक सङ्कीर्णता र अन्धविश्वासहरूलाई पारिवारिक तनावसँग सम्बद्ध तुल्याएर नजिकैबाट नियालिएको छ। यस उपन्यासमा विघटित प्रेम तथा दुर्घटित दाम्पत्यबाट छिन्नभिन्न भएको जीवनलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको भेटिन्छ। त्यसबाट यहाँ सामाजिक, सांस्कृतिक, धार्मिक र नैतिक अपूर्णता तथा विकृतिहरू आलोचित छन्। यसमा लेखक कुरूप यथार्थको दर्पणकार मात्रै छैनन्, कुरूपताप्रति अनास्था सञ्चारक र आलोचक पनि छन् तर असंयमित नै भने छैनन्। यसको अर्थ उपन्यास आदर्शवादी सन्देश लिएर एकालाप वा एकोहोरो वर्णनमा भासिएको छ भन्ने होइन। यस उपन्यासमा वर्णनात्मक तथा नाटकीय विधिमा आश्रित पात्रका क्रियाव्यापारको सञ्जाल राम्रैसँग बुनिएको छ। त्यसबाटै आफ्नो देशकालसापेक्ष समस्यामूलक यथार्थको निश्चित सन्दर्भ यहाँ पुनः सृजन गरी संस्थापित गरिएको भेटिन्छ। यसले एकातिर उपन्यासको विषयवस्तुमा लेखकको गहिरो संलग्नता रहेको देखाउँछ भने अर्कातिर यो विषयवस्तु समकालीन यथार्थमै आधारित हो भन्ने थप आधार पनि प्रदान गरेको छ। यस उपन्यासको कथावस्तुले दुवैतिर खुसीराजीबाट गरिने विवाह वा प्रेम विवाहले मात्रै दाम्पत्य जीवन सुखद हुने कुरा देखाउन खोजेको छ। लहना जुरेपछि करबलै गरिने विवाह वा तरुनी तन्नेरीको प्रेमलाई विघटित तुल्याई गरिने विवाहको

असफलता वा दुर्दशा देखाई यहाँ प्रकारान्तरले खुसीराजीको वा प्रेम विवाहको संस्थापन गर्न खोजिएको छ । यसमा त्यस विषयको संयोजन र सम्पादन तद्देशीय यथार्थ समाजको सूक्ष्म पर्यवेक्षणसहित नवीन र मौलिक पारामा गरिएको भेटिन्छ । यसरी प्रस्तुत उपन्यासको कथावस्तुमा पाइने यस्ता विविध पक्षहरू सामाजिक यथार्थवादी औपन्यासिक लेखनका दृष्टिले उल्लेखनीय रहेका छन् ।

**चरित्रचित्रणमा निहित सामाजिक यथार्थ**

माइतघर उपन्यासमा पिछडिएको नेपाली समाजका विविध अन्धविश्वास र सङ्कीर्ण मूल्यमान्यताले छिन्नभिन्न बनेको नेपाली जीवन देखाउन खोजिएको छ । त्यसैले यस उपन्यासमा पात्रहरू पनि सोहीअनुरूपका आधुनिक चेतनाशून्य, भाग्यवादी, अन्धविश्वासी, परम्परानुगामी र सङ्कीर्ण सोच भएका देखाइएको छ । यसमा दुई दर्जनजति पात्रहरू प्रयोग गरिएका छन् । तीमध्ये आधाभन्दा बढी प्रसङ्गवश उल्लेख भएका गौण महत्वका नेपथ्य पात्र छन् भने औपन्यासिक भूमिकाका दृष्टिले बढी महत्वका मञ्चीय पात्र सीमित छन् । मुख्यतः हरि, सानी (प्रमुख), सुबेदार्नी र रत्ना (सहायक) कै केन्द्रीयतामा उपन्यासको कार्यव्यापार अगाडि बढेको छ । सानीको बा र सानीको लोग्नेले औपन्यासिक घटनाक्रममा नयाँ मोड वा स्थिति विपर्यय सिर्जना गरेका छन् तर तिनीहरूका क्रियाकलाप अरूबाट सङ्केतित छन् । सीमित समय नेपथ्यमा रहेका तिनको कार्यको प्रभाव मुख्यतः रत्ना र सानीले नै बेहोरेका छन् । सुबेदार सुरुका १-३ परिच्छेदमा उपस्थित भए पनि उसका कार्य उपन्यासमा खासै महत्वका छैनन् तर दार्जिलिङे नेपाली सैनिक समाजको यथार्थता सङ्केतका दृष्टिले उसको उपस्थिति महत्वको मान्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा पात्रहरूको चरित्र आफ्नो जाति र पर्यावरणसँग अभिन्न तुल्याएर अभिव्यक्त गरेको भेटिन्छ । यस उपन्यासका सामान्य शिक्षित चरित्र भनेका हरिको बाबु सुबेदार र हरि हुन् । हिन्दी उपन्यास पढेर बस्ने सुबेदारका कार्य उपन्यासमा नगन्य छन् । ऊ धेरै बाँचेको पनि छैन । उसले छोरो हरिलाई पढाएर मान्छे बनाउन चाहेको छ । उसैको प्रेरणाले हरिले हाइस्कुलसम्म पढेको छ । हरिकै जोडबलले सानीले अक्षरसम्म चिनेकी छ । अरू सबै निरक्षर छन् । वैज्ञानिक चेतना संश्लिष्ट भएको शिक्षाबाट वञ्चित मानवीय समाजको दिशा निर्देशन तत्व भनेकै आफ्नो परम्परा, जातीय मूल्यमान्यता र त्यतिखेरको देशकाल सुहाउँदो पर्यावरण नै हो । जातीय संस्कार र परिवेशको चापले मानिसलाई ज्यादै सघन रूपमा च्यापेको हुन्छ । वैज्ञानिक उच्चशिक्षा सम्पन्न भएर पनि तदनुकूल सामाजिक परिवेश पाएन भने ऊ त्यसबाट मुक्त हुन सक्दैन । यहाँ देखिएको हरिको चरित्रलाई सोही कोणबाट प्रस्तुत गरिएको छ । आन्तरिक तहमा सानीप्रति अनुरक्त भए पनि सामाजिक मर्यादा भङ्गको भयले सानीबाहेक अन्य पात्रहरूमा त सामाजिक अन्धताप्रति सहज समर्पण नै पाइन्छ । तिनका चरित्रमा गतिशीलताको गुञ्जायस देखिँदैन ।

चरित्रचित्रणमा देखिने अर्को महत्वपूर्ण पक्ष द्वन्द्वको प्रस्तुति हो । द्वन्द्वको खास थालनी सानीको बिहेको प्रसङ्ग उठेपछि सुरु भएको छ । सबैले उसको बिहे गरेर पठाउनु खोज्नु तर ऊ बिहे नै गर्दिन भनी जिद्दी गर्न थाल्नुबाट बाह्य द्वन्द्वको उठान भएपछि यो बिस्तारै आन्तरिक द्वन्द्वका रूपमा बिस्तारित हुँदै गएको पाइन्छ । सानीको बिहेको प्रसङ्ग अगाडि बढ्दै गएर निधो भएपछि जम्मा भएका छिमेकीहरूले केटाको घर परिवारका बारेमा कुरा गर्दै जाँदा रत्ना झस्कनु, सुबेदार्नी मनमा केके कुरा खेलाएर मुर्छा नै पर्नु (पृ. ५८), हरिले सानीलाई सामाजिक कर्तव्याकर्तव्यको पुराण वा वधूशिक्षा घोकाउन थाले पनि सानीको मर्मभेदी प्रश्नले ऊ आहत हुनु र आफूलाई रोक्न खोज्दाखोज्दै पनि यन्त्र चालित जस्तो भएर सानीलाई

अँगालो हाल्नु, छातीमा टाँस्नु, कपाल र बाहु सुम्सुम्याउनु, निधार गालामा म्वाई खानु, झन्-झन् अँगालामा कसेर लिनु र फेरि "संसारले हामीलाई चेली माइतीको रूपमा देखेको छ, त्यो पवित्र बन्धन तोडेर हामी कसरी संसारका सामु बाँच्न सक्छौँ..." (पृ.५८) भन्नु जस्ता तथ्यले सबैमा द्वन्द्वको प्रसार सघन रूपमा हुँदै गएको देखिन्छ । सानीको बिहे भएपछि पनि द्वन्द्वले विश्रान्ति लिएको छैन । उसको लोग्ने दसैँमा पनि ससुराली नआउनु, लोग्नेले सौता हाल्नु, सानी झन्-झन् पातली, पहेँली र उदास अनुहारकी सारै टिठलाग्दी बनेर माइत आउनाले सबैको मनमा आन्तरिक पीडा बढेको छ र त्यसले सबैमा उच्छ्वासको सङ्क्रमण फैलाएको छ । यस्तो बाह्य र आन्तरिक द्वन्द्वसँगै रत्ना मरेकी छ । रत्नाको मृत्युपछि सानी आफ्ना घर फर्कन नचाहँदा द्वन्द्व झन् तीव्रतर बनेर प्रकट हुन पुगेको देखिन्छ । हरि, सुबेदार्नी र सानीको त्रिकोणात्मकतामा यो द्वन्द्व रिँगेको छ । पहिला त्यति रहर लाग्दी स्वरूपकी सानी पछि त्यति टिठलाग्दी बनेको देखेर हरि उसप्रति निकै संवेदनशील बनेको छ । उसको विषयलाई लिएर हरिभित्र निकै अन्तर्द्वन्द्व मडारिएको पाइन्छ । हरिकी आमाले सानीलाई उसका घर पठाइदिनुपर्छ भन्दा केही नबोली उसले अँध्यारो मुख लगाएको छ । छोराको त्यो स्थिति देखेपछि सुबेदार्नीमा पनि सानीलाई पठाउने विषयलाई लिएर रातभरि अन्तर्द्वन्द्व मच्चिएको छ । सानीमा पनि हरिप्रतिको आकर्षणमा कुनै कमी आएको देखिँदैन । औँसीको रातमा एक्लै अँध्यारो कोठाबाट आकाशका तारा नियालिरहेको हरिलाई देख्दा उसैमा आफूलाई समर्पित गर्ने सानीको चाहना, लक्ष्मी पूजाका दिन उसले गरेको हरिको कोठाको सरसफाइ र उसले छानीछानी उनेको सयपत्रीको मालाले सिँगारिएको हरिको फोटो जस्ता सानीका क्रियाकलापबाट उक्त कुरा पुष्टि हुन्छ । हरि पनि सानीकै कारणले कोठामा बेचैन भएर बसेको देखिन्छ । ऊ सङ्कुल मनोदशाका कारण कोठामा न पुस्तक पढ्न सक्छ, न कविता कोर्छु भने पनि कोर्न सक्छ । दिक्दार भई भ्वाइलेन बजाएर औँसीको रातमा झ्यालबाट आकाश निहारेर आफ्नो भित्री सकस मेट्न खोजेको छ । यस्तो भए पनि फेरिपछि सुबेदार्नी र हरिमा सामाजिक नैतिक चेतना बढ्न थाल्छ । त्यसैले हरि आमासँग भन्छ, "पोइका घर नगएर कहाँ जान्छे त ? बिहा भएकी स्वास्नीमान्छेलाई कपालमा सिन्दूर हालेर माइत घरमा बसिरहन खुल्दैन । खुल्दैन के, दुनियाँले पनि दश किसिमका नराम्रो कुरा गर्छ, मुखमा जे आयो मनपरि भन्ने दुनियाँको मुखमा बुजो हाल्न सकिन्छ ?" (पृ. ८८) । हरिको यो दृढता भित्रदेखिकै भने होइन किनभने आमाले भोलि नै पठाइदिउँ त भन्दा तुरुन्तै उसको रूपाकृति फेरि खस्किएको छ र त्यसो भनेको त होइन भन्न थालेको छ । यस्तै उपन्यासमा उसका कथन र आन्तरिक स्थितिका बारे लेखकीय सर्वज्ञता शैलीमा आएको यस टिप्पणीले त्यसलाई अझ यसरी स्पष्ट पारेको छ :

हरिले जतिकै नाटकीय ढङ्गले यो कुरा भने पनि उसको अन्तरभित्र त सानीको स्नेह प्रेमले छोपेको कलेजा झन्-झन् कमलो भइरहेको थियो अनि त्यसैले कलेजामा लामो शूल पस्दै गयो । तर अन्तरभित्र जतिकै तुमुल द्वन्द्व, जतिकै हाहाकार, जतिकै आँधी, जतिकै व्यथा भए पनि बाहिरबाट हरिले उत्तिकै गम्भीर, उत्तिकै कठोर र उत्तिकै पत्थर भएर भन्यो- "होइन आमा ! सानूलाई पोइका घर पठाउनै पर्छ" (पृ.९२) ।

प्रस्तुत अभिव्यक्तिमा हरिले बाहिरी रूपमा सानीलाई उसका घर पठाउने कुरा गरे पनि भित्री रूपमा भने ऊ यसमा अत्यन्त दुःखी देखिएको छ । उसको अन्तरभित्र सानीको स्नेह प्रेमले छोपेको छ । उसको मुटुमा  जतिसुकै तुमुल द्वन्द्व भए पनि बाहिर भने कठोर रूपमा प्रस्तुत हुँदै आमासँग सानीलाई उसका घर पठाउनै पर्ने विचार व्यक्त गरेको छ । यस्तै हरिले सानीलाई आफ्ना घर जानुपर्छ भनेर फेरि सम्झाउन थालेपछि सानीमा पनि आफ्ना घर जाने वा आत्महत्या गर्ने बारेमा गम्भीर अन्तर्द्वन्द्व मच्चिएको देखिन्छ । परिस्थितिबाट सारै क्लान्त भएर ऊ मध्यरातमा भिक्टोरिया फल्सको अग्लो पुलमा आत्महत्याकै निम्ति पुग्छे तर "जुन दृढ संकल्प गरेर आएकी थिई त्यो फुटेर चूरचूर भयो" (पृ. ९७) । यसबाट त्यहाँ पुगेपछि

भने उसको अन्तर्द्वन्द्वले फेरि अर्को मोड लिन्छ र ऊ फर्किन्छे। पात्रहरूको यस किसिमको द्वन्द्वमा विशुद्ध मनावैज्ञानिक तत्व मात्रै नभई तद्देशीय सामाजिक, सांस्कृतिक तत्व प्रबल रहेको हुँदा चरित्रचित्रणमा देखिने द्वन्द्वविधान सामाजिक यथार्थवादी कोणबाट पनि उल्लेखनीय बन्न पुगेको छ ।

**परिवेशमा निहित सामाजिक यथार्थ**

माइतघर उपन्यासका पात्रहरूको प्रत्यक्ष कार्यकलापको स्थल वा कार्यपीठिका दार्जिलिङको एकान्त गाउँ राजवाडीमा रहेको हरिको घर हो । उपन्यासको थालनी र अन्त्य त्यहीँ भएको छ । यसबाहेक इलाम र दार्जिलिङकै घूमडिपूमन्तिरको सानीको पोइली घर पनि सङ्केतित कार्यपीठिका हुन् । तिनमा पात्रको प्रत्यक्ष क्रियाकलाप प्रकट भएको छैन तर त्यहाँ भएका क्रियाकलापलाई हरिकै घर प्रसङ्गवश अप्रत्यक्ष रूपमा प्रस्तुत गरिएको छ । त्यसैले तिनको सामाजिक, भौगोलिक, प्राकृतिक आदि कुनै विवरण दिइएको छैन । हरिको घरको विवरण भने पहिलो परिच्छेदमै दिइएको छ । १३ वर्षपछि केही परिवर्तित भएको स्वरूपलाई चौथो परिच्छेदमा सूचित गरिएको पाइन्छ । ऋतुचक्रअनुसार परिवर्तित भइरहने राजवाडीको प्राकृतिक परिवेशमाथि प्रकाश पार्दै उपन्यासकार लेख्छन्, “माथि फुस्रो र कालो मेघाच्छन्न आकाशदेखि निरन्तर खसेको वर्षाले राजवाडीको घर र डाँडा-काँढा लहरै उम्रेका धूपीका अग्ला-अग्ला रूखलाई रुझाइरहेथ्यो” (पृ. १४) । यस भनाइमा उपन्यासका ठाउँ-ठाउँमा प्रसङ्गअनुसार अभिव्यक्त प्राकृतिक परिवेशको यथार्थपरक प्रस्तुति पाइन्छ । उपन्यासको कालका बारेमा स्पष्ट किटान छैन तर उपन्यासका घटना-प्रसङ्गहरूबाट त्यसलाई ठम्याउन सकिन्छ । उपन्यास हरिको घरबाट सुरु भएपछि तिज र दसैँको चाड मानेर रत्नाको परिवार इलाम फर्केको छ । इलाम फर्केको १३ वर्षपछि वर्षाको समय श्रावणमा रत्ना र सानी पुनः हरिकै घर पुगेका छन् । त्यस वर्षको दार्जिलिङको लक्ष्मीपूजाको झिलिमिली हेर्न हरिले सानीलाई लिएर गएको छ । उपन्यासको अन्त्यतिर हरि र सानीले त्यही लक्ष्मीपूजालाई पाँच वर्ष अघिको रमाइलो लक्ष्मीपूजाका रूपमा सम्झिएका छन् । तसर्थ उपन्यासमा २००६ सालपूर्वका लगभग १८ वर्षको समय देखापर्छ । त्यसमध्ये १३ वर्षको समय सङ्कुचन गरिएको हुँदा खास औपन्यासिक काल छ वर्षको देखिन्छ। त्यही छ वर्षभित्रका महत्वपूर्ण सामाजिक समस्याहरूलाई छनोट गरी यहाँ प्रत्यक्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासको समय र घटनाक्रमको गति हेर्दा पहिलो, दसौँ र चौधौँ परिच्छेद अरूभन्दा स्थिर देखिन्छन् । यीमध्ये पनि दसौँ परिच्छेद बढी स्थिर देखिन्छ । पहिलो परिच्छेदमा हरिको घरको परिवेश छ । यसमा हरि र सानीको बालक्रीडा, हरिले आँगनको परेवालाई घाइते तुल्याउने उपद्रव गरी बेपत्ता भएको स्थिति, घाम तापेर हिन्दी उपन्यास पढ्दै गरेका सुबेदारले हरिको उपद्रवको सजाय निर्दोष सानीलाई दिएको अवस्था, त्यो थाहा पाई घरभित्रकी सुबेदार्नीले बाहिर आएर सानी निर्दोष हो भन्ने जाहेरी दिएको र सुबेदार्नीबाट सहानुभूति पाएपछि सानीका सम्हालिन नसकेको रुवाइ र आँसुको वर्षा, सुबेदारलाई आफ्नो कार्यप्रतिको पछुतोबोध, सुबेदारले सानीलाई हरिको उपद्रवमा सहभागी नहुन दिएको सल्लाह, सानीको सहमति र पुनः हरि र सानीसँगै खेलमा सहभागीका घटनाप्रसङ्ग आएका छन् । यी सबै एकै दिनका एकै स्थलका घटना सन्दर्भ हुन् । यसबाट सुरुमै उपन्यासमा सघन करुण परिवेश सिर्जना हुन पुगेको छ । यसले उपन्यासको भावी कारुणिकता सानीमै केन्द्रित भएर अगाडि बढ्ने कुराको पनि सङ्केत गरेको छ । यसपछि दसौँ परिच्छेदमा वरवधूको इच्छा विपरीत लहना जुराएर सानीको बिहे गर्ने निधो गरिएको र छरछिमेकीहरू आएर दुना टपरी गाँस्दै दुलाहाको घर केकस्तो छ भन्ने बारेमा चर्चा परिचर्चा गर्दै गरेको प्रसङ्ग एकातिर आएको छ भने अर्कातिर हरिले सानीलाई आपसको प्रेम प्रसङ्ग बिर्सेर हुन लागेको बिहेबाटै जीवन व्यवस्थित तुल्याउन दिएको उपदेश र सानीले उससँग गरेका मर्मस्पर्शी प्रश्नहरू आएका छन् ।

यहाँ हुन लागेका बिहाप्रति सानीको एकरति पनि सहमति नभएको देखिन्छ । हरिबाट प्रेममा धोका पाएको देखेर उसले, "हरि दाज्यू, मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस्...(पृ.५७) भनी पुकारा गरेकी छ । यस्तै पुरुषप्रधान समाजका नारीदासताका अरू प्रसङ्गहरू पनि यहाँ आएका छन् । नारीप्रति सारै अनुदार त्यस समाजमा आगामी परिस्थितिको गम्भीरता त्यहाँका सबै पात्रहरूले अनुभव गर्न थालेका छन् । सुबेदार्नी त सानीको भावी दाम्पत्यको जटिलता पूर्वानुमान गरेरै मुर्छा परेकी छ । उसको मुर्छाले सबैको ध्यान त्यतै खिचिएको छ र केही समयमा होसमा आएपछि सो गम्भीर परिवेश अरूले सहजै विस्मरण गर्न थालेका छन् । यसबाट उपन्यासमा एक किसिमको नाटकीय विश्रान्ति प्रकट भएको छ । यसरी यहाँ एकातिर बिहेको तैयारीमा लागेको घरको स्वाभाविक परिवेश प्रस्तुत गरिएको छ भने अर्कातिर सामाजिक सङ्कीर्णताका कारण विवाहपछि नारीले बेहोर्नुपर्ने अन्योलपूर्ण र त्रासदीय सूक्ष्म परिस्थितिको पनि निरूपण गरिएको पाइन्छ ।

प्रस्तुत उपन्यासको चौधौँ परिच्छेदमा अगाडि सङ्केतित गम्भीर परिवेशलाई झन् सशक्त रूपमा उपस्थित गरिएको छ । नजिकै माइत भए पनि आमा बिरामी भएर दुई वर्षपछि बल्ल माइत आउन पाएकी सानी भदौरे मुसलधारे झरीमा साँझ पर्नेपर्ने बेलामा झुत्रे छाता ओढेर आएकी छ । उसको टिठलाग्दो स्वरूपलाई लेखकले सूक्ष्मावलोकनसहित प्रस्तुत गरेर परिवेशको जटिलतालाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । सानीको दयनीय अवस्था देखेर सुबेदार्नीले टिठ्याएकी छे । बिरामी रत्नाको त हृदय छियाछिया बनेको छ । सानीकै कारण अव्यवस्थित बन्दै गएको हरि पनि सानीको त्यो अवस्था देखेर निकै आतङ्कित हुन्छ । यस परिच्छेदमा नेपाली समाजको सारै साँघुरो मानसिकता र त्यसमा पिल्सिएको नारीजीवनको विद्रूप परिवेशलाई जीवन्त ढङ्गमा उपस्थित गरिएको छ । उपन्यासका अन्य परिच्छेदमा भने समय र घटनाक्रमको गति तीव्र छ । ती घटनाप्रसङ्गले पनि नेपाली समाज र जीवनकै छटपटी र अत्याहटहरूलाई औँल्याएका छन् तापनि त्यति गाढा परिवेशमा तिनलाई रङ्ग्याउन सकेका छैनन् ।

माइतघर उपन्यासमा देशकालको स्थूल परिवेशलाई भन्दा पनि त्यहाँको जनविश्वास वा सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक आदि परिवेशलाई विशेष महत्वका साथ प्रस्तुत गरिएको छ । उपन्यासका अनुसार २००६ सालपूर्व दार्जिलिङमा हाइस्कुलसम्मको अध्ययनका लागि सुविधा भए पनि त्यसभन्दा माथि पढ्न कलकत्ता जानुपर्ने अवस्था रहेको र हाइस्कुलसम्मको अध्ययन पनि दुई छाकको व्यवस्था जुटाउन सक्ने सुबेदार जस्ता परिवारका लागि मात्रै सम्भव रहेको देखिन्छ । विपन्न नेपाली समाजका लागि त त्यो निकै टाढाको कुरा भएको र त्यस्तो समाजमा नारी शिक्षाको प्रसार त झन् हुँदै नभएको स्थितिको चर्चा गरिएको छ । त्यसैले उपन्यासका सबै नारी पात्रहरू निरक्षर तथा अपठित छन् । अशिक्षाकै कारण उनीहरूमा प्रशस्त अवस्तुवादी धारणा वा विविध अन्धविश्वासहरूले गहिरोसँग जरा गाडेको पाइन्छ । यहाँ धर्मात्माको बोल्दाबोल्दै सास जाने, पापी रोगाएर अरूलाई समेत निकै दुःख दिई मर्ने, विवाहिता नारीको पति लुलो, लङ्गडो, खोरन्डो, जँड्याहा, अधम, पतित जेजस्तो भए पनि उसका लागि देवता सरह नै हुने, एउटाको सिन्दूर लगाइसकेपछि अरू पुरुषको कल्पना पनि गर्न नहुने, लोग्नेले भने स्वास्नी मन नपरे अर्को ल्याउन हुने, सौता भित्रिएपछि उसैलाई रिझाएर बस्नुपर्ने, लहना जुराएर अभिभावकले बिहा गराइदिने र केटाकेटीको सहमति नचाहिने जस्ता सामाजिक सङ्कीर्ण मूल्यमान्यता बोकेको जनसमाज छ ।

दार्जिलिङे नेपाली समाजमा क्रिश्चियन धर्मावलम्बीहरूको सङ्ख्या पनि राम्रै रहेको छ । रत्नाको लास क्रिश्चियनहरूले झैँ बाकसमा हाली फूलैफूलले ढाकेर लगिएको देखिन्छ । यसबाट रत्ना क्रिश्चियन धर्मावलम्बी रहिछ भन्ने सङ्केत त पाइन्छ

तर यससम्बन्धी थप कुनै सूचना भने पाइँदैन । महकाल बाबा र सूर्यदेवतालाई भाकल गर्ने, आइतबारको व्रत बस्ने, सन्तानका लागि पूजापाठ गर्ने सुबेदार्नी भने हिन्दु धर्मावलम्बी देखिन्छे । रत्ना र सुबेदार्नीको एकै घर रहेको बसोबासले त्यस समाजको धार्मिक सहिष्णुपनलाई उजागर गरेको छ । यस्तै दार्जिलिङे नेपाली समाज क्रमशः उदार बन्दै गएको पनि यदाकदा सुनिन्छ । यस उपन्यासमा प्राकृत परिवेशको पनि प्रचुर प्रयोग भेटिन्छ । प्रकृति यहाँ कोरा प्रकृति चित्रणका निम्ति मात्रै नल्याई भावी औपन्यासिक प्रभाव सङ्केतका लागि वा पात्रको मनोभावना खुलस्त गर्नका लागि ल्याएको देखिन्छ । रत्नाको मृत्युपूर्व लगातार तीन दिनसम्म परेको मुसलधारे वर्षाको वर्णन उपन्यासकारले यसरी गरेका छन् :

एकछिनमा हेर्दाहेर्दै आकाशको एक कुना रङ्गिदै गयो । घाम-पानी भएछ । नीलो आकाशे पर्दामा पानीका हजारौँ मसिना थोपा बुरुरुरु खस्न लागेका-अनि बादल-बादलमा छर्लङ्ग घाम लागेको अनि मन्तिर धेरै रङ्ग गोलो भएर इन्द्रेनी लागेको । ओहो, कस्तो राम्रो इन्द्रेनी ! सानीको हृदयाकाशमा पनि धेरै रङ्गहरू धारा बनेर इन्द्रेनी लाग्यो-गोलो भयो अनि गोलो हुँदै लाम्चिएर मानिसको अनुहारको आकारमा बदलियो (पृ.३८) ।

यस अभिव्यक्तिमा प्राकृतिक परिवेशको सुन्दर प्रस्तुति गरिएको छ । यसमा प्रकृतिको मानवीकरण गरिएको छ र प्रकृतिको यस्तो चित्रणले उपन्यासको यथार्थवादी सन्दर्भलाई कलात्मकताका साथ टिप्न धेरै सहयोग भएको छ ।

प्रस्तुत उपन्यासले मुलुकबाहिर उपन्यासका अपेक्षा सीमित देशकाल ओगटे पनि त्यसभित्रको सामाजिक यथार्थलाई उपयुक्त ढङ्गमा छनोट गरिएको छ । उपन्यासमा छनोट गरिएको त्यस सामाजिक यथार्थलाई राम्रोसँग संस्थापित गर्न त्यहाँको स्थान, कालसापेक्ष भौगोलिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, सामाजिक जस्ता विविध परिवेशको निर्माण निकै सन्तुलित किसिमले गरिएको पाइन्छ । उपन्यासमा आएका घटनाप्रसङ्ग र पात्रहरूको क्रियाव्यापारले निर्माण गरेको परिवेशको मूल स्वरूप भने त्रास र करुणाले भरिएको नै देखिन्छ । उपन्यासमा घाइते परेवाको छटपटी, निर्दोष सानीको रुवाइ, विधवा रत्ना र सुबेदार्नीको दुःख कथन, आमाको रुखो वचनले विगलित सानीको सुकसुकी, उनीहरूका पराश्रित जीवनका पीडा, दुलही सानीको बिदाइपछिको शून्यता, दुर्घटित प्रेम र दाम्पत्य, उपायहीन सानीको मृत्युवरणको अग्रसरता आदिले सो कुरा सहज कलात्मकताका साथ झन्-झन् मार्मिक र वेदनापूर्ण तुल्याउँदै लगेको छ ।

**भाषाशैलीमा निहित सामाजिक यथार्थ**

माइतघर उपन्यासका पात्रले प्रयोग गरेको भाषा सरल र स्वाभाविकै देखिन्छ । उपन्यासमा हरिको बाबु र हरिबाहेक सबै पात्र अशिक्षित भएका हुँदा उनीहरूको कथ्य लबजलाई सोही स्वरूपमा टिप्ने प्रयत्न कतिपय ठाउँमा भएको छ । यस्तो स्थिति विशेष गरी सुबेदार्नी, रत्ना र बाहुनी बुढीका कथनमा पाइन्छ । सुबेदार्नीको "तै ऐले त आपिसमा काम गर्दछ र एक पेट खोले फाँडोलाई चिन्ता गर्नुपर्दैन" (पृ. १९) भन्ने भनाइले यसकुराको पुष्टि गरेको छ । यस्तै रत्नाका अभिव्यक्ति अपठित कथ्य लबजका निकै नजिक रहेका छन् । उपन्यासमा स्थानीय रङ्ग प्रस्तुत गर्न समातिमागिस् (पृ. ४), बढाबढी (पृ. ४), च्वाक्कै म्वाइँ खानु (पृ. १३ ), ठिम्याएजस्तो (पृ. १५), खाँदिन भन्छ (पृ.२९), दवँल (पृ. ५०), बाँची वर्ती मात्तै जाओस् (पृ. ५२), ज्वाइँ आएन (पृ. ६४), फेरुवा गुनिउँ (पृ. ७१), भिजेको लुगा फोएर (पृ. ७६), हातको बाइँ (पृ. ८५) जस्ता स्थानीय वा तद्देशीय भाषिकाको प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासमा पात्रहरूले बोलेको भाषाबाहेक लेखकीय सर्वज्ञता शैलीमा आएका वर्णन र विवरणमा भने कतिपय

ठाउँमा प्रगाढ (पृ. १०), नीरव, म्लान, मेघाछन्न (पृ. १४), कौतुक (पृ. २१), ब्रह्माण्ड (पृ. २६), सिक्त (पृ. २९), आत्मा-कन्दरा (पृ. ३७), दग्ध (पृ. ४४), अश्रुजल (पृ. ५३), यौवनश्री (पृ. ६५), निरवच्छिन्न, मधुरस, आभा (पृ. ६९), सौरभ, लाच्छित, दर्प (पृ. ७८), तिमिर (पृ. ८४), तुमुल (पृ. ९२), विभीषिका (पृ. ९४) जस्ता कम प्रचलित तत्सम शब्दहरूको प्रयोग पनि भेटिन्छ। शब्दस्तरमा मात्र नभई वाक्यस्तरमा पनि "हरिको सिक्त कण्ठबाट बगेको वाक्यको धारासितै सानीको अन्तरदेखि रसाएको आँसु अजस्र धारा भएर बगिरह्यो" (पृ. ५४) जस्ता तत्सम पदावली देखिन्छन् । यसबाट उपन्यासको कथनमा ओज थपिएको छ। यस्तै लेखकका कथनमा सरलता मात्रै नभई वक्रता वा आलङ्कारिकताले पनि ठाउँ पाएको छ। "आफूले गरेको तीखो वचन अहिले काँढा भएर आफ्नै मुटु घोच्न लाग्यो" (पृ.२५) । "त्यसको निधारमा शरद्को प्रभातमा देखिने शीतजस्ता पसीनाका थोपा देखिए" (पृ. ४६-४७) जस्ता उपन्यासका ठाउँ ठाउँमा आएका कथनमा आलङ्कारिताको राम्रो निर्वाह हुनुका साथै तिनमा सुबोध्यता र अजटिलता पनि रहेको छ । त्यसैले यी कथनहरू सामाजिक यथार्थवादी लेखनअनुरूप नै देखिन्छन् । समग्रमा भन्दा उपन्यासको भाषा आधारभूत रूपमा संवृत रूपविन्यासभित्रै पर्ने भए पनि ठाउँविशेषमा विवृत रूपविन्यासको आकर्षण पनि प्रदर्शन गरिएको देखिन्छ । केही ठाउँमा यस्तो भए पनि ती कथनका काव्यात्मकताले कोरा भावुकता मात्रै सञ्चार गर्ने उद्देश्य राखेको पाइँदैन । यस्ता कथनले औपन्यासिक परिस्थितिबाटै उत्पन्न भएका पात्रका अन्तर्मनोवेग वा संवेगहरूलाई आकर्षक रूपमा संस्थापित गर्ने उद्देश्य राखेको पाइन्छ। त्यसैले यस्ता अभिव्यक्तिमा पनि सामाजिक यथार्थवादी सन्दर्भको आंशिक सान्दर्भिकता देख्न सकिन्छ।

शैली-विन्यासका दृष्टिले हेर्दा १७ परिच्छेदमा विभक्त प्रस्तुत उपन्यासको कथानक हरि र सानीको केन्द्रीयतामा क्रमशः अगाडि बढेर वा रैखिक शैलीमा टुङ्गिएको छ । उपन्यासको १-३ परिच्छेद आदि भागका रूपमा आएको छ । यसमा उपन्यासका महत्वपूर्ण पात्र हरि, सानी, रत्ना, सुबेदार्नीहरूको परिचय र दार्जिलिङबाट रत्नाको परिवार इलाम फर्किनुपरेको प्रथम सङकट प्रस्तुत गरिएको छ। त्यसपछि ४-१७ परिच्छेद मध्यभागका रूपमा रहेको छ। यसमा विधवा रत्ना र उसकी छोरी सानी पुनः दार्जिलिङ फर्किनु, हरिकै घर शरण लिनु, हरि र सानीबिच प्रेम विकसित हुँदै गए पनि सानीको अन्यत्र बिहे हुनु, सानीको लोग्नेले सौता हाल्नु, रत्ना मर्नु, सानी लोग्नेका घर जान नचाहनु जस्ता अनेक थप सङ्कट र सानीलाई लोग्नेको घर जान बाध्य तुल्याइनु चरम सङ्कट प्रस्तुत गरिएको छ । अन्त्य भाग १७ परिच्छेदमै रहेको छ र यसमा परिस्थितिबाट क्लान्त सानीले हरिको अवज्ञा नगर्नु तर मध्यरातमा आत्महत्याका लागि निस्कनु, पछि केके सम्झेर फर्किनु अनि भोलिपल्ट बिहानै कहिल्यै नफर्किने गरी आफ्ना घर लाग्नु जस्ता सङ्घर्षह्रास र उपसंहारका प्रसङ्ग प्रस्तुत गरिएको छ। यसरी कथानक एकपछि अर्को गम्भीर सङ्कट झेल्दै त्रासदीयताको भासमा भास्सिएको

छ। कथानकमा अन्वितिको राम्रो निर्वाह भएको छ। यसमा प्रणय रागको भावना रहे पनि त्यो सामाजिक समस्यामूलक यथार्थसँग आबद्ध भएर आएको हुँदा सामाजिक यथार्थवादी उपन्यासका लागि अनुकूल बनेको छ।

प्रस्तुत उपन्यासमा परम्परित मूल्यमान्यताको अनुगामी समाज रहेको हुँदा पात्रहरू पनि सोहीअनुरूपका दुर्बल मनोदशाका देखिन्छन् । मुख्य पात्रहरूको चरित्रचित्रणमा आदर्श र यथार्थको द्वन्द्व संयोजन आकर्षक रूपमा रहेको छ । सीमित देश (मुख्यतः हरिको घर) र काल (१८ वर्ष) को चयन गरी त्यसलाई पनि प्रशस्त सङ्कुचन गरेर सामाजिक यथार्थ प्रकट गरिएको छ । यस क्रममा भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि परिवेशको बुद्धिमत्तापूर्ण ढङ्गमा छनोट गरी तिनको आवश्यकताअनुसार सघन चित्रण पनि गरिएको छ । प्राकृतिक परिवेश धेरै छ र त्यसलाई समग्र औपन्यासिक प्रभावका सापेक्षतामा प्रस्तुत गरिएको पाइन्छ। पात्रको भाषा सरल छ र कतिपय ठाउँमा भाषिक प्रयुक्ति नै उसको चरित्रको

मुख्य पाटो पनि बनेको छ । लेखकको वर्णनमा आएको भाषा सरल-सरस भएर पनि कतिपय ठाउँमा सज्जित गद्य पनि बनेको छ । उपन्यासमा बाह्य सर्वज्ञ दृष्टिविन्दुको प्रयोग गरिएको छ । अर्थसापेक्ष पनि आधारभूत रूपमा अभिधात्मक नै पाइन्छ । यिनै विविध शैलीय विशेषताका माध्यमबाट सामजिक अन्धताप्रति समर्पित दुर्बल चेतना भएका नेपालीहरूको निराशाले भरिएको मर्ममय यथार्थलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत गर्ने क्रममा परम्परित सामाजिक प्रतिमानसँग लेखकको विमति वा भित्री आक्रोश पनि प्रसङ्ग विशेषमा प्रकट भएको पाइन्छ । समग्रमा भन्दा घटना, पात्र, परिवेश र भाषाको छनोट यथार्थवादी युक्तिका साथ गरिएको हुँदा उपन्यासको शैली समर्थ नै देखिन्छ ।

**निष्कर्ष**

माइतघर लैनसिंह बाङ्देलको दोस्रो सामाजिक यथार्थवादी उपन्यास हो । यो पनि प्रवासी नेपालीहरूको दुःखद जीवन-कथामा नै आधारित छ तर यसको आकार अघिल्लोभन्दा आधै कम छ । त्यसैले यसमा दार्जिलिङे सीमित देशकालको परिवेशमा त्यहाँको उपेक्षित समाज र जीवनलाई चित्रण गरिएको छ । उपन्यासको समाज धर्मभीरु, घोर परम्परावादी, अन्धविश्वासी र अत्यन्त सङ्कीर्ण मनोवृत्तिमा रुमलिएको छ । त्यसले युवापुस्ताका नरनारीको स्वाभाविक प्रणय चाहनालाई पूरा हुन नदिई अन्ततः उनीहरूको जीवन त्रासदीय अवसानमा पुऱ्याउने खल काम गरेको छ । युवापुस्ताको होनहार जीवन त्यसरी छिन्नभिन्न तुल्याउने समाजको विद्रूपतालाई यहाँ मुलुकबाहिरका अपेक्षा सुगठित औपन्यासिक संरचनामा ढालेर देखाइएको छ । यस्तै विपन्नता र आश्रयहीनताको समस्याले हिरिक्क हुन पुगेको उपन्यासको नारी जीवनबाट यहाँ समाजको अर्को अँध्यारो पाटो सँगसँगै चिहाइएको छ । सामाजिक यथार्थवादी उपन्यासमा हुने समाजका अनेकन् अव्यवस्था र तिनबाट अभिशप्त जीवन निश्चय नै यहाँ पनि आएको छ । यति भएर पनि यो मुलुकबाहिर भन्दा उपल्लो महत्वको बन्न सकेको छैन । यसमा मुलुकबाहिर उपन्यासमा जस्तो सरल र वस्तुपरक भाषिक शैली पाइँदैन । सामाजिक पर्यवेक्षण पनि सीमित छ । नायकको चरित्र गठनमा पनि केही असङ्गति देखा पर्न गएका छन् । त्यसैले यसमा बाङ्देलको सामाजिक यथार्थवादी औपन्यासिक कलाप्रतिको सजगतातिरभन्दा पनि संरचनागत सुगठनतिर ध्यान बढी केन्द्रित हुन पुगेको देखिन आउँछ ।

**सन्दर्भ सामग्री**


जोशी, कुमारबहादुर (२०५५) यथार्थवाद, नेपाली साहित्यकोश (सम्पा.), ईश्वर बराल र अन्य. काठमाडौं : नेपाल राजकीय-प्रज्ञाप्रतिष्ठान, पृ. ६७१ ।

पाण्डेय, मैनेजर, (सन् १९९९) "उपन्यास और यथार्थवाद : एक टिप्पणी", हंस, (जनवरी), पृ. १५ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२८) "उपन्यासमा यथार्थवाद", प्रज्ञा ४, पृ. ४५ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०७७) नेपाली उपन्यास र उपन्यासकार (छैटौं संस्क.), ललितपुर : साझा प्रकाशन

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८) उपन्यास-सिद्धान्त र नेपाली उपन्यास (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन

बाङ्देल, लैनसिंह (२००७/ २०५९) माइतघर (अठारौं संस्क.), काठमाडौं : रत्नपुस्तक भण्डार ।

भारद्वाज, मैथिलीप्रसाद (सन् १९९४) पाश्चात्य काव्यशास्त्र के सिद्धान्त (द्वितीय संस्क.), चण्डीगढ : हरियाणा साहित्य

अकादमी ।

मिश्र, शिवकुमार (सन् २०००) दर्शन साहित्य और समाज, नई दिल्ली : वाणी प्रकाशन ।

राई, इन्द्रबहादुर (२०५०) नेपाली उपन्यासका आधारहरू, ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९) नेपाली उपन्यासको इतिहास, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०३८) नेपाली कथा र यथार्थवाद, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

सिंह, त्रिभुवन (सन् १९६५) हिन्दी उपन्यास और यथार्थवाद, भारत : हिन्दी प्रचारक पब्लिकेसन ।

सुवेदी, अभि (२०५४) पाश्चात्य काव्य-सिद्धान्त (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३) नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन ।